# International COVID-19 Vaccination Certificate privacy notice

Services Australia ले तपाईंको व्यक्तिगत जानकारीलाई *Private Act 1988 (गोपनीयता ऐन १९८८)* अन्तर्गत सुरक्षित गर्दछ।

तपाईंले अन्तर्राष्ट्रिय यात्राको लागि International COVID-19 Vaccination Certificate प्रयोग गर्न सक्नुहुन्छ। यसले Australia बाहिरका विदेशी सीमा अधिकारीहरू, एयरलाइन्सहरू, ट्राभल एजेन्टहरू, व्यवसायहरू र संस्थाहरूलाई तपाईंको COVID-19 खोपहरू देखाउँछ।

तपाईंको international certificate मा 2D बारकोड छ जुन विदेशी सीमा अधिकारीहरूले QR कोड जस्तै स्क्यान गर्न सक्छन् । यसले गर्दा उनिहरूलाई तपाईंको प्रमाणपत्र Australian Government ले जारी गरेको र यसमा कुनै परिवर्तन वा जाली गरिएको छैन भनेर सुनिस्चित गर्न मदत गर्दछ।

यदि तपाईंसँग वैध राहदानी छ र निम्न मध्ये कुनै एक गर्नुभएको छ भने तपाईंले international certificate प्राप्त गर्न सक्नुहुन्छ:

- Australia मा कम्तिमा एउटा COVID-19 खोपको मात्रा लगाएको र यो Australian Immunisation Register (AIR) मा दर्ता गरिएको हुनुपर्छ।
- कम्तिमा एउटा COVID-19 खोपको मात्रा विदेशमा लगाएको र यो AIR मा दर्ता गरिएको हुनुपर्छ।

तपाईंले आफ्नो कम्प्युटर वा अन्य उपकरणमा अफलाइन कागजातको रूपमा आफ्नो प्रमाणपत्र हेर्न, छाप्न वा बचत गर्न सक्नुहुन्छ। यदि तपाइँ Express Plus Medicare (एक्सप्रेस प्लस मेडिकेयर) एप प्रयोग गर्नुहुन्छ भने, तपाइँको प्रमाणपत्र अफलाइन हेर्नको लागि एपमा बचत गर्न सक्नुहुन्छ।

तपाईंको international certificate ले संवेदनशील स्वास्थ्य जानकारी समावेश गर्दछ। यसलाई सुरक्षित राख्नु तपाईंको दायित्व हो। यसलाई सुरक्षित रूपमा भण्डार गरेको सुनिश्चित गर्नुहोस् र आफ्नो COVID-19 खोपको प्रमाण प्रदान गर्न आवश्यक हुँदा मात्र देखाउनुहोस्।

## हामी तपाईंको कुन जानकारी प्रयोग गर्छौं

हामी international certificate अनुरोध गर्न निम्न सबै व्यक्तिगत जानकारी प्रयोग गर्छौं:

- तपाईंको Medicare, Individual Healthcare Identifier वा AIR रेकर्डबाट तपाईंको पूरा नाम र जन्म मिति
- तपाईंको लिङ्ग
- तपाईंको AIR रेकर्डबाट तपाईंको COVID-19 खोप विवरणहरू
- तपाईंको राहदानी विवरणहरु।

## हामी तपाईंको कुन जानकारी सङ्कलन गर्छौं

हामी तपाईंको प्रमाणपत्रमा समावेश गर्न तपाईंबाट तपाईंको राहदानी विवरणहरू सङ्कलन गर्छौं। यसले तपाईंको international certificate ले International Civil Aviation Organization standards को पालना गरेको सुनिश्चित गर्दछ। यसको अर्थ,अन्य देशका सीमा अधिकारीहरूले तपाईंको COVID-19 खोपको प्रमाणको रूपमा यसलाई स्वीकार्ने सम्भावना छ।

## हामी तपाईंको कुन जानकारी बाँड्छौं

यदि तपाईं अष्ट्रेलियाली राहदानीमा यात्रा गर्दै हुनुहुन्छ भने, हामी तपाईंको व्यक्तिगत जानकारी र राहदानी विवरणहरू Australian Passport Office सँग बाँड्छौं । यिनीहरु Department of Foreign Affairs and Trade का अंग हुन्।

यदि तपाईं Australian भिसा लिएर विदेशी राहदानीमा यात्रा गर्दै हुनुहुन्छ भने, हामी तपाईंको व्यक्तिगत जानकारी र राहदानी विवरणहरू Department of Home Affairs सँग बाँड्छौं।

यो Australian Government Document Verification Service (DVS) मार्फत जारी गरिएको तपाईँको Australian Government को प्रमाणिकता पुष्टि गर्न हो। कागजात प्रमाणिकरण सेवा (Document Verification Service) बारे थप जान्नुहोस् **idmatch.gov.au**।

त्यसपछि हामी तपाईंको व्यक्तिगत जानकारी, खोप जानकारी र राहदानी विवरणहरू Australian Passport Office सँग बाँड्छौं । यसले उनिहरुलाई ePassport प्रविधि प्रयोग गरेर तपाईंको International COVID-19 Vaccination Certificate उत्पन्न गर्न अनुमति दिन्छ।

Australian Passport Office ले तपाईंको international certificate उत्पन्न गरेपछि , उनिहरूले तपाईंलाई दिन हामीलाई पठाउँछन्। Australian Passport Office ले तपाईको कुनै पनि जानकारी राख्ने छैन।

## आफ्नो व्यक्तिगत जानकारी कसरी सच्याउने

यदि तपाइँको प्रमाणपत्रमा कुनै पनि खोप विवरणहरू गलत छन् भने, तपाइँको खोप प्रदायकले तपाइँको विवरणहरू सच्याउनको लागि Australian Immunisation Register मा **1800 653 809** मा सम्पर्क गर्न आवश्यक छ। यदि तपाइँको प्रमाणपत्र बारे कुनै प्रश्न छ भने तपाइँ उनिहरूलाई सम्पर्क गर्न सक्नुहुन्छ।

## थप जानकारी कहाँ पाउन सकिन्छ

तपाइँको गोपनीयताको अधिकारको बारेमा थप **servicesaustralia.gov.au/privacy** मा पढ्न सक्नुहुन्छ। यसमा निम्न जानकारीहरु समावेश छन्:

- हामी तपाईंको व्यक्तिगत जानकारी कसरी प्रयोग गर्छौं
- तपाइँ तपाइँको गोपनीयता को उल्लङ्घनको बारेमा कसरी उजुरी गर्न सक्नुहुन्छ।

हामी यस गोपनीयताको सूचनालाई सरकारी नीति वा प्रविधि सहित सान्दर्भिक विकासहरू प्रतिबिम्बित गर्न अद्यावधिक गर्न सक्छौं।

## थप जानकारीको लागि

- मेडिकेयर सेवाहरूको बारेमा तपाईंको भाषामा कुरा गर्न Translating and Interpreting Service (TIS National) on **131 450** मा सम्पर्क गर्नुहोस्
- अंग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/covidvaccineproof** मा जानुहोस्
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोस्, जहाँ तपाईले आफ्नै भाषामा पढ्न, सुन्न वा भिडियो जानकारी हेर्न सक्नुहुनेछ
- नवीनतम COVID-19 अद्यावधिक र सल्लाहको लागि **australia.gov.au** मा जानुहोस्
- सेवा केन्द्रमा जानुहोस्।

**टिप्पणी**: अष्ट्रेलियाको जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट '13' नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुःल्क लाग्नेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घरको फोनबाट '1800' नम्बरहरूमा कलहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समय र एक उच्च दरमा चार्ज हुन सक्दछ।

# International COVID-19 Vaccination Certificate privacy notice

Services Australia protects your personal information under the *Privacy Act 1988*.

You can use the International COVID-19 Vaccination Certificate for international travel. It shows your COVID-19 vaccinations to foreign border authorities, airlines, travel agents, businesses and organisations outside of Australia.

Your international certificate has a 2D barcode on it that foreign border authorities can scan, like a QR code. This allows them to verify that the Australian Government issued your certificate and it is not altered or forged.

You can get an international certificate if you have a valid passport and have had either of the following:

- at least one COVID-19 vaccination dose in Australia and it is recorded on the Australian Immunisation Register (AIR)
- at least one COVID-19 vaccination dose overseas and it's recorded on the AIR.

You can view, print or save your certificate as an offline document on your computer or device. If you use the Express Plus Medicare app, you can save your certificate to the app to view offline.

Your international certificate contains sensitive health information. It's your responsibility to keep it safe. Make sure you store it securely and only show it when you need to provide proof of your COVID-19 vaccinations.

## What information we use

We use all of the following personal information to request international certificate:

- your full name and date of birth from your Medicare, Individual Healthcare Identifier or AIR record
- your gender
- your COVID-19 vaccination details from your AIR record
- your passport details.

## What information we collect

We collect your passport details from you to include on your certificate. This ensures that your international certificate complies with the International Civil Aviation Organization standards. It also means border authorities in other countries are likely to accept it as proof of your COVID-19 vaccinations.

## What information we share

If you are traveling on an Australian passport, we share your personal information and passport details with the Australian Passport Office. They are part of the Department of Foreign Affairs and Trade.

If you are traveling on a foreign passport with an Australian visa, we share your personal information and passport details with the Department of Home Affairs.

This is to verify the authenticity of your Australian Government issued document through the Australian Government Document Verification Service (DVS). Find out more about the Document Verification Service at **idmatch.gov.au.**

We then share your personal information, vaccination information and passport details with the Australian Passport Office. This allows them to generate your International COVID-19 Vaccination Certificate using ePassport technology.

Once the Australian Passport Office generates your international certificate, they send it to us to give to you. The Australian Passport Office won’t hold any of your information.

## How to correct your personal information

If any of the vaccination details on your certificate are incorrect, your vaccination provider needs to contact the Australian Immunisation Register on **1800 653 809** to correct your details. You can also call them if you have any questions about your certificate.

## Where to find more information

You can read more about your right to privacy at **servicesaustralia.gov.au/privacy**. This includes information about how:

- we handle your personal information
- you can make a complaint about a breach of your privacy.

We may update this privacy notice to reflect relevant developments, including in government policy or technology.

## For more information

- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare services
- go to **servicesaustralia.gov.au/covidvaccineproof** for more information in English
- go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch videos with information in your language
- go to **australia.gov.au** for the latest COVID-19 updates and advice
- visit a service centre.

**Note**: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.